बैठक नं. ६०

आज मिति २०८३ साल वैशाख ११ गते शुक्रवार यस कीर्तिपुर नगरपालिकाका नगरप्रमुख श्री कृष्णमान डंगोलज्युको अध्यक्षतामा, नगर कार्यपालिकाको बैठक, नगरपालिकाको सभाहलमा तपशिल बमोजिमको उपस्थितिमा बसी तपशिल बमोजिमका निर्णयहरु गरियो।

| ६८सि.न. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री कृष्णमान डंगोल | |
| २ | उप प्रमुख | श्री शुभलक्ष्मी शाक्य (सुनिता) | |
| ३ | सदस्य, अध्यक्ष वडा नं. १ | श्री इच्छा कुमार महर्जन | |
| ४ | सदस्य, अध्यक्ष वडा नं. २ | श्री रुपेश महर्जन | |
| ५ | सदस्य, अध्यक्ष वडाल नं. ३ | श्री सुविन्द्र महर्जन | |
| ६ | सदस्य, अध्यक्ष वडा नं. ४ | श्री राजेन्द्र बाँनिया | |
| ७ | सदस्य, अध्यक्ष वडा नं. ५ | श्री राजेन्द्र कुमार महर्जन | |
| ८ | सदस्य, अध्यक्ष वडा नं. ६ | श्री खीरमान सिंह बस्नेत (पृथ्वी) | |
| ९ | सदस्य, अध्यक्ष वडा नं. ७ | श्री दिवाकर अधिकारी | |
| १० | सदस्य, अध्यक्ष वडा नं. ८ | श्री सानु मैया महर्जन | |
| ११ | सदस्य, अध्यक्ष वडा नं. ९ | श्री दिनेश श्रेष्ठ | |
| १२ | सदस्य, अध्यक्ष वडा नं. १० | श्री नरेश महर्जन | |
| १३ | सदस्य | श्री हरिराम बोगटी | |
| १४ | सदस्य | श्री जमुना महर्जन | |
| १५ | सदस्य | श्री पवित्रा विष्ट | |
| १६ | सदस्य | श्री विमला थापा (कार्की) | |
| १७ | सदस्य | श्री राजिता गौतम महर्जन | |
| १८ | सदस्य | श्री राज्यलक्ष्मी श्रेष्ठ शाक्य | |
| १९ | सदस्य | श्री सुजाता सुनाम | |
| २० | सचिव | श्री राम दत्त भट्ट | |

आमन्त्रित व्यवस्थापन कर्मचारीहरु:

| सि.न. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

CamScanner

# ६० औ कार्यपालिका बैठक

मिति: २०८३।०१।११

समय : दिउँसो ३ बजे

स्थान : नगरपालिका सभा हल

प्रस्तावहरु

१. कार्यविधि/निर्देशिका सम्वन्धमा

क. कीर्तिपुर विष्णुदेवी नगर अस्पताल फार्मेशी सेवा सञ्चालन निर्देशिका , २०८२

ख. रोजगार उन्मुख सूचना तथा सञ्चार प्रविधि तालिम सञ्चालन कार्यविधि, २०८२

ग. पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२

घ. कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२

ङ. शैक्षिक उन्नयन छात्रवृति व्यवस्थापन कार्यविधि, २०८२

२. सेवा सुविधा सम्वन्धमा : वडा ८ को विद्यालय शिक्षक

३. जनसेवा मा.वि. लाई अनुदान उपलब्ध गराउने सम्वन्धमा

४. प्रधानमन्त्री रोजगार कार्यक्रम स्वीकृति सम्वन्धमा

५. वडा नं. ४ कार्यालय प्रशासकीय भवनको शिलान्यास सम्वन्धमा

६. तह समायोजन सम्वन्धमा

७. विद्यालय व्यवस्थापन सम्वन्धमा

८. "घ" वर्गको इजाजतपत्र सम्वन्धमा

कृष्णमान डंगोल
नगर प्रमुख

CamScanner

निर्णय नं. १

प्रस्ताव नं. १ माथि छलफल हुँदा विधायन समितिको बैठकबाट प्राप्त मस्यौदामाथि छलफल गरी तपसिलमा उल्लेखित कार्यविधि तथा निर्देशिकाहरु स्वीकृत गरी स्थानीय राजपत्रमा प्रकाशन गर्ने निर्णय गरियो ।

तपसिल:

क. कीर्तिपुर विष्णुदेवी नगर अस्पताल फार्मेशी सेवा सञ्चालन निर्देशिका , २०८२
ख. रोजगार उन्मुख सूचना तथा सञ्चार प्रविधि तालिम सञ्चालन कार्यविधि, २०८२
ग. पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२
घ. कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२
ङ. शैक्षिक उन्नयन छात्रवृति व्यवस्थापन कार्यविधि, २०८२

निर्णय नं. २

प्रस्ताव नं. २ माथि छलफल हुँदा मिति २०८२ माघ १ गतेदेखि लागू हुने गरी कीर्तिपुर नगरपालिका वडा नं. ८ मा रहेको नवज्योती आधारभूत विद्यालयमा कार्यरत शिक्षक श्री विष्णुमाया महर्जनलाई खाईपाई आएको तलवमा मासिक रु. ७,०००।(अक्षेरुपी रु सात हजार) थप गर्ने र उक्त रकम वडास्तरीय बजेटको शैक्षिक सुधार कार्यक्रमबाट भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

प्रस्ताव नं. ३ माथि छलफल हुँदा कीर्तिपुर नगरपालिका वडा नं. ५ मा रहेको जनसेवा मा. वि. लाई भारतीय राजदुतावासबाट विद्यालय पूर्वाधार निर्माणका लागि प्राप्त हुने अनुदानको १० प्रतिशतले हुन आउने रकम लागत साझेदारी वापत व्यहोर्ने निर्णय गरियो ।

निर्णय नं. ४

प्रस्ताव नं. ४ माथि छलफल हुँदा रोजगार सेवा केन्द्र मार्फत सञ्चालन हुने राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम अन्तर्गत आ.व. २०८२/८३ मा आन्तरिक रोजगारी सिर्जना/प्रवर्द्धनका लागि १०० प्रतिशत

कृष्णमान डंगोल
नगर प्रमुख

CamScanner

रकम साझेदारीमा वडा/ नगरस्तरीय योजना छनौट गरी कामका लागि पारिश्रमिक (cash for work) योजना सञ्चालन गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

प्रस्ताव नं. ५ माथि छलफल हुँदा मिति २०८२ भाद्र २३ र २४ गते भएको आन्दोलनका क्रममा भएको आगजनी र तोडफोडका कारण पूर्णरुपमा क्षतिग्रस्त वडा नं. ४ को प्रशासकीय भवन शिलान्यासका लागि आवश्यक बजेट व्यवस्था गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

प्रस्ताव नं. ६ माथि छलफल हुँदा स्थानीय तहमा सूचना प्रविधि अधिकृत परिचालन सम्वन्धी कार्यविधि,२०८२ को परिच्छेद ३ को दफा ६ को उपदफा १ बमोजिम मिति २०८३ वैशाख १ गते देखी लागू हुनेगरी सातौं तहमा तह मिलान गरी कामकाजमा लगाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ७

प्रस्ताव नं. ७ मा छलफल हुँदा मिति २०८२/०६/३० को नगर शिक्षा समिति निर्णयको सिफारिस अनुसार हाल गोरखनाथ माध्यामिक विद्यालयको भवनभित्र संचालनमा रहेको सुस्त मनस्थिति वालकल्याण विद्यालयलाई इन्द्रायणी आधारभूत विद्यालयमा स्थानान्तरण गर्न र इन्द्रायणी आधारभूत विद्यालयको कक्षा ४ र ५ कक्षाहरुको पठनपाठन हाललाई स्थगित गरी नजिकको सेवा क्षेत्र भित्रको विश्वराष्ट्रिय माध्यामिक विद्यालयमा स्थानान्तरण गरी पठनपाठनलाई थप व्यवस्थित गर्ने समितिको सिफारिसलाई अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ८

प्रस्ताव नं. ८ माथि छलफल हुँदा यस नगरकार्यपालिका कार्यालयमा विभिन्न मितिमा "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र माग गरी पेश हुन आएका निवेदकहरु मध्ये "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्वन्धी समितिबाट योग्यता सम्वन्धी कागजातहरु रुजु गरी ईजाजतपत्र दिनका लागि सिफारिस भै आएका निम्न निवेदक/ फर्महरुलाई "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र प्रदान गर्ने निर्णय गरियो ।

कृष्णमाया ढकाल
नगर प्रमुख

| क.स | फर्म / कम्पनीको नाम | संचालकको नाम | वडा नं | ठेगाना | कैफियत |
|---|---|---|---|---|---|
| १. | जम्लिङ्ग शेर्पा कन्स्ट्रक्सन प्रा.लि. | श्री आङ दाली शेर्पा | ४ | कीर्तिपुर | |
| २ | रितुशा कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | श्री रामेश्वर तण्डुकार | ५ | कीर्तिपुर | |
| ३ | बि पोजेटिभ कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | श्री सुभाष श्रेष्ठ | ४ | कीर्तिपुर | |
| ४ | शिवध्वज इन्फ्रा प्रा.लि. | श्री मेलिना दाहाल, श्री सन्तोष थापा | २ | कीर्तिपुर | |
| ५ | ज्ञानु मगर कन्स्ट्रक्सन प्रा.लि. | श्री ज्ञान बहादुर आले मगर | १० | कीर्तिपुर | |
| ६ | स्पेस डेभल्पमेन्ट इन्जिनियरिङ्ग प्रा.लि. | श्री रोहित यादव | ४ | कीर्तिपुर | |
| ७ | स्थिर कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | श्री अन्जली श्रेष्ठ | ४ | कीर्तिपुर | |
| ८ | के.एस.डी. कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | श्री कृष्ण राम ढुंगेल | १ | कीर्तिपुर | |
| ९ | मेजर बिल्डर्स एण्ड सप्लायर्स प्रा.लि. | श्री अन्जली श्रेष्ठ | १० | कीर्तिपुर | |
| १० | डि.एम.जि. कन्स्ट्रक्सन प्रा.लि. | श्री दिपकचन्द्र राई | ५ | कीर्तिपुर | |
| ११ | सिजन हब कन्स्ट्रक्सन एण्ड कन्सल्टेन्सी प्रा.ली. | श्री पंकज कुमार दास, श्री दुर्गा नन्द ठाकुर | १० | कीर्तिपुर | |
| १२ | माँ दुर्गा मल्टीपर्पोज कम्पनी प्रा. लि. | श्री सन्दिप अधिकारी, श्री प्रदिप सुवेदी | १० | कीर्तिपुर | |
| १३ | प्रशिक कन्स्ट्रक्सन कम्पनी प्रा.लि. | श्री आशिक मकत | १ | कीर्तिपुर | |

कृष्णमान डंगोल
नगर प्रमुख

CamScanner